ネパール語

# रेइवा 6 साल (सन् 2024) हाई स्कूल जानकारी पुस्तिका

## रेइवा 7 साल (सन २०२५साल अप्रिल भर्नाको लागि) सरकारी उच्च माध्यमिक विद्यालय प्रवेश छनौट कार्य तालिका



रेइवा 7 साल (सन् २०२५)

जनवरी २7 गत (सोमबार)
फेब्रुअरी १० गते (सोमबार) } भर्ना फारम आबेदन दिने अन्तिम मिति (इन्टरनेट बाट पनि फारम बुझाउन सकिने)

१3गते (बिहिबार) भर्ना फारम आदि बुझाउने (हुलाक या प्रत्यक्ष फारम बुझाउदा फारम आइपुग्नु पर्ने दिन तोकिएकोमात्र)

१4गते (शुक्रबार) ९:००बाट१६:३०सम्म
१7गते (सोमबार) ९:००बाट१२:००सम्म } भर्ना फारम आदि बुझाउने (प्रत्यक्ष रुपमा बिद्यालयकोको अफिसमा बुझाउने)

१8गते (मंगलबार) ~१९गते (बुधबार) परीक्षा दिन मन लागेको विदयालय परिवर्तन गर्ने बारे फारम लेखे अवधि

१8गते (मंगलबार) ९:०० बाट१६:३०सम्म
१९गते (बुधबार) ९:०० बाट१६:००सम्म } परीक्षा दिन मन लागेको विद्यालय परिवर्तन गर्ने बारे फारम बुझाउने अवधि (परीक्षा दिन मन लागेको बिद्यालय 1 पल्ट सम्म परिबर्तन गर्न पाइन्छ)

२6गते (बुधबार) शैक्षिक क्षमता परिक्षण

२7गते (बिहिबार) व्यावहारिक दक्षताको परीक्षा या अन्तर्वार्ता (तोकिएको उच्च माध्यमिक बिद्यालय)

मार्च 3गते (सोमबार) पुनः परीक्षा इन्फ़्लुएन्जा आदिको कारण शैक्षिकक्षमता परिक्षणमा भाग लिन नपाएका बिद्यार्थीहरुमात्र सहभागी हुन पाउने छन् बिस्तृत जानकारी उच्च माध्यमिक बिद्यालय शिक्षा निर्देशन शाखाको होमपेज बाट जानकारी लिन सक्नु हुनेछ

6गते (बिहिबार) भर्ना परीक्षा उतिर्ण नतिजा प्रकाशन (वेब मार्फत९:००बजेबाट हेर्न सकिनेछ)

※ भर्ना संख्या अपुग भएको बिद्यालय भने पुनपरीक्षा लिइने छ यद्यपी बिधालय अनुसार समयर विषयवस्तु अलग हुनेछ

| परामर्श विषय | | परामर्श स्थान | सम्पर्क | सन्दर्भ |
|---|---|---|---|---|
| प्रवेश परीक्षा र विद्यालयको व्याख्या (जानकारी)को बारेमा | सरकारी वा अर्ध सरकारी उच्च माध्यमिक विद्यालयको बारेमा | साइतामा अञ्चल व्यापक शिक्षा केन्द्र प्रवेश परामर्श फाँट | फोन : ०४८−५५६−२४३९<br>इमेल : p7412216@pref.saitama.lg.jp<br>**होमपेज** : https://www.center.spec.ed.jp/nyuushi | ⇒ P.2 |
| | | साइतामा अञ्चल शिक्षा शाखा उच्च माध्यमिक विद्यालय शिक्षा निर्देशन शाखा | फोन : ०४८−८३०−६७६६<br>इमेल : a6760@pref.saitama.lg.jp<br>**होमपेज** :<br>https://www.pref.saitama.lg.jp/f2208/r7nyuushi-jouhou.html | |
| | निजी उच्च माध्यमिक विद्यालयको बारेमा | ( एक कम्पनी )<br>साइतामा अञ्चल निजी माध्यमिक तथा उच्च माध्यमिक विद्यालय संघ | **होमपेज** : https://saitamashigaku.com/ | |
| जापानको माध्यमिक विद्यालयबाट दीक्षान्ता नभएका व्यक्ति | | साइतामा अञ्चल शिक्षा विभाग बिधालय मानव संसाधन शाखा,शाखा प्रमुख | **फोन** : 048−830−6735<br>**होमपेज** :<br>https://www.pref.saitama.lg.jp/f2207/nyugakusya-senbatsu/kaigai.html | ⇒ P.3 |
| शिक्षा शुल्क अनुदान आदिको बारे | | साइतामा अञ्चल शिक्षा विभाग वितीय शाखा | 「साइतामा अञ्चल उच्च माध्यमिक विद्यालय प्रवेश शुल्क / पठन पाठन शुल्क तथा सघाउ प्रणाली 」<br>फोन : ०४८−८२२−५६७०<br>**होमपेज** : https://www.pref.saitama.lg.jp/f2204/j-s/ | ⇒ P.4 |
| | | साइतामा अञ्चल सामान्य मामिला शाखा , पठन पाठन शुल्क भार ह्रास सहयोग फाँट | 「निजि बिद्यालयको अभिभाबकहरुको आर्थिक भार ह्रास व्यव्स्था तथा अनुदान सहयोग बारे (रेइवा6साल)」<br>फोन : ०४८−८३०−२७२५<br>होमपेज :<br>https://www.pref.saitama.lg.jp/a0204/fubofutan2.html | |
| जापानी विद्यालय नीति प्रणालीको बारे | | शिक्षा, विज्ञान मन्त्रालय | 「विदेशी बालबालिकाका लागि शिक्षा हासिल गर्नका लागि गाइड बुक」<br>**होमपेज** :<br>https://www.mext.go.jp/a_menu/shotou/clarinet/003/1320860.htm | |
| विदेशी विद्यार्थीहरूका लागिका जानकारी | | साइतामा अञ्चल शिक्षा विभाग अनिवार्य शिक्षा र मार्गदर्शन शाखा | 「 विदेशी बालबालिका सहयोग पेज」<br>होमपेज :<br>https://www.pref.saitama.lg.jp/f2214/kikokugaikokujinsapoutojigyou240120.html | |
| जापानी भाषा कक्षा बारे | | साइतामा अन्तर्राष्ट्रिय आदान प्रदान संघ<br>(बैदेशिक नागरिक परामर्श केन्द्र साइतामा) | फोन : ०४८−८३३−२९९२ (अफिस)<br>०४८−८३३−३२९६ (परामर्श केन्द्र)<br>होमपेज : https://sia1.jp/foreign/japanese/ | |

## 1 उच्च माध्यामिक विद्यालय भन्नाले

सामान्यतः उच्च माध्यामिक विद्यालयमा मुख्यत माध्यामिक विद्यालयबाट दीक्षान्त गरेका व्यक्तिहरू ३देखि ४ सम्म अध्ययनका लागि जान्छन् । प्राथमिक विद्यालय वा माध्यामिक विद्यालयभन्दा फरक भई, विद्यालयको प्रवेश परीक्षामा सामेल भई, उतिर्ण हुन आवश्यक छ । विद्यालयमा भर्ना भएता पनि, अध्ययनमा मिहेनत वा कोशिस गर्न नसकेमा, माथिल्लो कक्षामा जान वा उच्च माध्यामिक विद्यालयबाट दीक्षान्त गर्न सकिँदैन । अध्ययनको अलावा, क्लबको क्रियाकलाप, विद्यालयका क्रियाकलाप (वनभोज/ शारीरिक शिक्षा कार्यकलाप (खेलकुद प्रतियोगिता) / साँस्कृतिक मेला / शैक्षिक भ्रमण) आदि कार्यक्रमहरू समावेश गरिएका हुन्छन् ।

| उमेर 6 वर्ष〜 | उमेर 12वर्ष〜 | उमेर 15वर्ष〜 | |
|---|---|---|---|
| प्राथमिक विद्यालय (अध्यायनावधि ६वर्ष) ⇨ | माध्यामिक विद्यालय (अध्ययनावधि ३वर्ष) ⇨ | उच्च माध्यामिक विद्यालय (अध्ययनावधि ३वर्ष वा ४वर्ष) विस्तृत विवरण तलको तालिकामा हेर्नुहोला । ⇨ | विश्वविद्यालय आदि |

*अप्रिल देखि अर्को बर्ष मार्च सम्ममा जन्मिनेहरु एकै कक्षामा हुन्छन।

## 2 उच्च माध्यामिक विद्यालयहरूका प्रकारहरू (हाई स्कूलका प्रकारहरू)

（1） सरकारी (सार्वजनिक)उच्च माध्यामिक विद्यालय हाई स्कूल (प्रमुख उदाहरण)

| | | विद्यालय (स्कूल) समय | 1 दिनको अध्ययन समय | स्नातक | विभाग |
|---|---|---|---|---|---|
| पूरा दिने प्रणाली | | सामान्यतया बिहान 8:40〜दिउँसो 3:40 | पढाइ कक्षा（लगभग 6 घण्टा）、क्लब (खेलकुद,साँगितिक,साँस्कृतिक आदि) गतिविधि | सम्म 3वर्ष | सामान्य विषयवस्तु अध्ययन कक्ष<br>विशेष सीप मूलक अध्ययन कक्ष（*1）<br>व्यापक अध्ययन कक्ष （*2） |
| निर्धारित समय प्रणाली | रात्री | सामान्यतया दिउँसो5:30〜दिउँसो 9：00 | पढाइ कक्षा（लगभग 4 घण्टा）、क्लब (खेलकुद,साँगितिक,साँस्कृतिक आदि) गतिविधि、स्कूले खाजा | 4वर्ष | सामान्य विषयवस्तु अध्ययन कक्ष<br>विशेष सीप मूलक अध्ययन कक्ष<br>व्यापक अध्ययन कक्ष |
| | त्रिविभाजन प्रणाली | पहिलो भाग（बिहान）, दोस्रो भाग मध्याह्न (दिउँसो）、तेस्रो भाग（रात्री） | कक्षा （लगभग चार घण्टा）<br>* अन्य अध्ययन विषयहरू पनि समाविष्ट गरी, अध्ययन गर्न सकिन्छ ।<br>क्लब (खेलकुद,साँगितिक,साँस्कृतिक आदि) गतिविधि、स्कूले खाजा | 3वर्ष〜4वर्ष | सामान्य विषयवस्तु अध्ययन कक्ष<br>व्यापक अध्ययन कक्ष<br>（एकाइ विभाजन प्रणाली）（*3） |
| | द्वयविभाजन प्रणाली | पहिलो भाग（बिहान〜मध्याह्न दिउँसो）、दोस्रो भाग (मध्याह्न (दिउँसो)〜रात्री) | | | |
| | | पहिलो भाग（बिहान〜मध्याह्न (दिउँसो）、दोस्रो भाग（रात्री ） | | | |
| संचार माध्यमबाटको अध्ययन प्रणाली | | महिनामा 2〜3 पटक विद्यालयमा स्कूलमा उपस्थिति | घरमा अध्ययन गरी, विद्यालमा प्रतिवेदन पेश । | | सामान्य विषयवस्तु अध्ययन कक्ष |

（*1）विशेष सीप मूलक अध्ययनमा कृषि, औद्योगिक, व्यावसायिक र विदेशी भाषाहरू समावेश गरिएका छन्।

（*2）व्यापक अध्ययनमा , अनिवार्य पाठ्यक्रमहरूको अतिरिक्त, सामान्य विषयवस्तु अध्ययन वा विभिन्न विशेष सीप मूलक अध्ययनका विषयहरू रोज्न सकिन्छ।

（*3）सामाजिक कल्याण, व्यवसाय, अन्तर्राष्ट्रिय शिक्षा, प्राकृतिक विज्ञान आदि, विशेष सीप मूलक अध्ययन विषय र सामान्य विषयवस्तुको विषयलाई एकाइ विभाजन प्रणालीको रूपमा पठनपाठन हुनेछ ।

（2）निजी उच्च माध्यामिक विद्यालय (सरकारी सार्वजनिक उच्च माध्यामिक विद्यालय बाहेकका उच्च माध्यामिक विद्यालय) पूरा दिने प्रणाली र संचार माध्यमबाटको अध्ययन प्रणाली हुन्छ । प्रत्येक हाई स्कूलका आ-आफ्ना नीतिहरू हुने हुनाले सम्बन्धित विद्यालमा सम्पर्क राख्नुहोला।
साइतामा प्रिफेकचरल रिसर्च डिपार्टमेन्ट (गृहपृष्ठ) होमपेजबाट जानकारी प्राप्त गरी बुझ्न सक्नुहुनेछ।
（https://www.pref.saitama.lg.jp/a0204/shiritsuitiran/koukou24.html）

## 3 विद्यालयको जानकारी अवगत(विद्यालय व्याख्या) कार्यक्रम (स्कूल ब्रीफिंग)

प्रत्येक हाई स्कूलमा स्कूलको विद्यालयको जानकारी अवगत कार्यक्रम (ब्रीफिंग) हुन्छ। विद्यालयको अवलोकनमा गई वा परामर्श लिई आफूलाई अनुकूल पर्ने विद्यालय निर्णय गरौं । धेरै विद्यालयका विद्यालय सम्बन्धि जानकारी प्राप्त गर्न सकिन्छ । साथै संयुक्त विद्यालय जानकारी (स्कूल ब्रीफिंग) अवगत कार्यक्रमहरू पनि हुन्छन् । जहाँ धेरै उच्च विद्यालय विवरणहरू सुन्न सकिन्छ। (समय र मिति पनि पूर्वज्ञान (पूर्व जानकारी) पनि हुन सक्छ ।)

स्कूल ब्रीफिंग मितिहरूको लागि, कृपया प्रत्येक हाई स्कूल वा साइतामा प्रिफेक्टुरल एजुकेशन सेन्टर ( सार्वजनिक हाई स्कूलहरूको लागि )सम्पर्क गर्नुहोस्।तपाईं स्कूल ब्रीफिंग तालिका र साइतामा प्रिफेक्टुरल शिक्षा केन्द्रको गृह पृष्ठमा प्रवेश परीक्षा जानकारी पनि हेर्न सकिन्छ।
（https://www.center.spec.ed.jp/nyuushi）

# 4 प्रवेश परीक्षा

| | |
|---|---|
| परिक्षामा सामेल हुन सक्ने व्यक्ति | ① जापान अथवा विदेशका निम्न माध्यामिक विद्यालय उतिर्ण भएका (दीक्षान्त गरिसकेका) व्यक्ति अथवा रेइवा 7 सालको मार्च महिना सम्ममा उतिर्ण हुने अनुमान भएका व्यक्ति । ② निम्न माध्यामिक विद्यालयको दीक्षान्त नगरेका तर, निम्न माध्यामिक विद्यालय सरहको शैक्षिक योग्यता भएको भनी मान्यता प्राप्त गरिएका व्यक्ति । *जापानको निम्न माध्यामिक विद्यालय दीक्षान्त नगरेका व्यक्तिले, आवेदन योग्यता प्रमाणीकरण प्राप्त गर्नु पर्नेछ। * 「५ जापानको निम्न माध्यामिक विद्यालय दीक्षान्त नगरेका व्यक्तिहरूले」 ध्यानपूर्वक हेर्नुहोला। |
| प्रवेश परीक्ष हुने विद्यालय | सम्पूर्ण पूरा दिने प्रणालीका विद्यालय र निर्धारित समय प्रणालीका विद्यालयमा |
| निर्धारित सङ्ख्या | विद्यालय अनुसरा फरक हुनेछ । |
| पेश गर्नु पर्ने कागज-पत्रहरू | जाच एव परिक्षण कागजपत्र *यस पल्ट देखि माध्यमिक विद्यालय प्रवेश परीक्षा निवेदन पत्र अनलाइन बाट लिइने छ, अञ्चल शिक्षा विभाग, उच्च माध्यामिक विद्यालय(हाई स्कूल) निर्देशन विभागको गृहपृष्ठ ध्यावपूर्वक जाँचबुझ गर्नुहोला । |
| परीक्षाको विषयवस्तु | ① शैक्षिक क्षमताको जाँच ( राष्ट्रिय भाषा(जापानी भाषा) गणित, सामाजिक शिक्षा, विज्ञान, अङ्ग्रेजी)मात्रको परीक्षा गर्न विद्यालय । ② शैक्षिक क्षमताको जाँच र अन्तरवार्ता गर्ने विद्यालय । ③ शैक्षिक क्षमताको जाँच र व्यावहारिक कौशलताको जाँच गर्ने विद्यालय ※जापानी नागरिकलाई लिइने एकै परीक्षामा सामेल हुनेछ । |

*निजी विद्यालयको प्रवेश परीक्षामा सामेल हुने व्यक्तिहरूले आ-आफ्ना विद्यालयको जाँचबुझ गर्नुहोला ।

# 5 जापानको माध्यामिक विद्यालयल दीक्षान्त नगरेका व्यक्ति

सरकारी उच्च माध्यामिक विद्यालय (अञ्चल निर्मित वा नगर निर्मित)मा प्रवेश परीक्षामा सामेल हुने केशमा , आवेदन योग्यता प्रमाणीकरण प्राप्त गर्नु पर्नेछ ।

साइतामा अञ्चल शिक्षा विभाग अञ्चल निर्मित विद्यालय मानव संसाधन शाखा, शैक्षिक मामिला प्रमुखसँग परामर्श लिएपछि मात्र निवेदन दिनुहोला । निजी विद्यालयको प्रवेश परीक्षमा सामेल हुने केशमा आ-आफ्नो विद्यालयमा जाँचबुझ गर्नुहोला।

【बुझाउनु पर्ने कागज पत्रहरू】

| | | |
|---|---|---|
| १ | आर्थिक वर्ष रेइवा 7, साइतामा अञ्चल निर्मित उच्च माध्यामिक विद्यालयमा प्रवेश निवेदकको आवेदन योग्यता प्रमाणीकरण निवेदन पत्र | अञ्चल निर्मित विद्यालय मानव संसाधन शाखा, शैक्षिक मामिला प्रमुख कार्यालयमा निवेदन पत्र प्राप्त हुन्छ । गृहपृष्ठबाट पनि प्राप्त गर्न सकिन्छ । |
| २ | साइतामा अञ्चलमा बिद्यार्थी आफु अभिभावकसँग बसोवास गरेको कुरा प्रमाणित गर्ने कागज पत्र । *बसोवास गरेको घरको प्रकार अनुसार पेश गर्नुपर्ने कागज-पत्रहरू फरक हुनेछ । | ① निजी आवस गृह भएका व्यक्तिः घर दर्ता मामिला प्रमाण पत्र (दर्ता प्रतिलिपी) ② सार्वजनिक आवासगृह आदिका वासिन्दाः सम्झौता पत्रको प्रतिलिपी , आवासगृह प्रवेश अनुमति प्रमाण पत्र आदि । नगरद्वारा सञ्चालित आवासगृह ⇒ नगरपालिका अञ्चल द्वार सञ्चालित आवासगृह ⇒ साइतामा अञ्चल आवासगृह आपूर्ति सार्वजनिक निगम प्रत्येक शाखा(प्रशाखा) ③ सामान्य डेरा , म्यानशोन (फ्लाट) आदिमा बसोवास गरेका व्यक्तिः घरबहाल सम्झौता पत्रको प्रतिलिपी |
| ३ | विदेशमा हासिल गरिएको अन्तिम विद्यालयको प्रमाण पत्र | दीक्षान्त प्रमाण-पत्र , प्राप्ताङ्क प्रमाण पत्र आदि । |

# 6 विदेशी विद्यार्थी विशेष छनौट

निम्न 12 विद्यालयहरूमा जापानमा बसोवास गरेको अवधि छोटो भएका विदेशी विद्यार्थीहरूका लागि परीक्षाको व्यवस्था गरिएको छ ।

**विदेशी विद्यार्थी विशेष छनौट नीति अपनाएका उच्च माध्यामिक विद्यालय**

इवाचुकि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष, अन्तराष्ट्रिय साँस्कृतिक अध्ययन कक्ष), खावागुचि हिगासि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), खावागोए निसि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), खुरिबासिहोकुसाइ उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), सोःखा मिनामि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष, विदेशी भाषा अध्ययन कक्ष), नीजायानासे उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), नाङ्-योः उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष, विदेशी भाषा अध्ययन कक्ष), फुखाया दाइ इचि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), मिसातो खिता उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), मेनुमा उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष), वाकोः कोकुसाइ (अन्तराष्ट्रिय) उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष, विदेशी भाषा अध्ययन कक्ष), वाराबि उच्च माध्यामिक विद्यालय (सामान्य विषयवस्तु अध्ययन कक्ष, विदेशी भाषा अध्ययन कक्ष)

（1）निवेदन दिन योग्य व्यक्ति

• जापानमा बसोवास गरेको कूल अवधि तीन वर्ष भित्रका व्यक्ति ( रेइवा 7 साल, फेब्ररी महिना एक तारिख सम्ममा)

• अभिभावकहरूसँग साइतामा अञ्चलमा सँगै बसोवास गरेका व्यक्ति, अथवा रेइवा 7 साल मार्च महिनाको ३१ तारिखसम्म बसोवास गर्ने योजना भएका व्यक्ति ।

（2）प्रवेश परीक्षाका विषयवस्तु

शैक्षिक दक्षता जाँचबुझ (गणित / अङ्ग्रेजी भाषा) अन्तर्वार्ता

※जापानी व्यक्ति समानको प्रश्न पत्र हुनेछ, खाङ्जिमा पढ्नको लागि हिरागानामा लेखिएको हुन्छ । अन्तरवार्ता जापानी भाषामा गरिनेछ । उतिर्ण स्तरमा नपुगेका खण्डमा परीक्षार्थीहरूका सङ्ख्या कम भएता पनि, अनुर्तिर्ण हुने सम्भावना पनि छ ।

# 7 शैक्षिक शुल्क

（1）**(विद्यालयमा जानको लागि आवश्यक खर्च )**

| | सरकारि विद्यालय | | निजी उच्च माध्यामिक विद्यालय |
|---|---|---|---|
| | पूरा दिने प्राणाली | निर्धारित समय प्रणाली | पूरा दिने प्रणाली |
| विद्यालय प्रवेश छनौट महशुल | 2,200 एन | 950 एन | लगभग 24,000 एन (औसत) |
| प्रवेश शुल्क (*१) | 5,650 एन | 2,100 एन | लगभग 236,000 एन (औसत) |
| अध्ययन शुल्क (*१) | वार्षिक 118,800एन | वार्षिक 32,400 एन | वार्षिक 403,000 एन (औसत) |
| विद्यालय प्रवेश गर्दा किन्नु पर्ने वस्तुहरू (*२) | 「विद्यालयको पोशाक, पाठ्यपुस्तक」「खेलकुदमा लगाइने पोशाक」「ट्याब्लेट」आदि किन्नको लागि पैसा लाग्छ। （लगभग 110,000 एन देखि 140,０００ एन） | | सरकारी विद्यालयको पूरा दिने प्रणाली विद्यालयभन्दा बढी |
| अन्य खर्च (*२, ३) | मासिक 10,000 देखि 20,000 एन | मासिक करीब 5,000 एन | सरकारी विद्यालयको पूरा दिने प्रणाली विद्यालयभन्दा बढी （* ४） |
| विद्यालय खाना व्यवस्था शुल्क | विद्यालय खाना व्यवस्था छैन। | वार्षिक करीब 50,000 एन | विद्यालय खाना व्यवस्था छैन। |
| कूल वार्षिक खर्च | विद्यालय प्रवेशावस्थामा करीब 50,000 एन / वार्षिक करीब 300,000 देखि 450,000 एन | विद्यालय प्रवेशावस्थामा करीब 20,000 एन / वार्षिक करीब 200,000 | विद्यालय अनुसार लाग्ने रकम फरक हुने हुनाले प्रत्येक विद्यालयमा जाँचबुझ गर्नुहोला । |

（*1）केही हाई स्कूलहरूरकम परिबर्तन हुन सक्छ तसर्थ नगरपालिका निर्मित बिद्यालयको सन्दर्भमा उक्त उच्च माध्यमिक बिद्यालयमा बुझ्नुहोला।

（*2）विद्यालय अनुसार किन्ने सामग्रीहरू वा रकम फरक हुन्छ ।
ट्याबलेट, विद्यालयबाट सापट लिन सकिने अवस्था पनि हुन्छ त्यसैले विद्यालयमा प्रत्यक्ष सम्पर्क राखी, परामर्श लिनुहोला।

（*3） अन्य खर्च भन्नाले (ＰＴＡ अर्थात अभिभावक संघ शुल्क / भविष्यको लागि सहयोग संघ शुल्क / विद्यार्थी संघ शुल्क / भ्रमण (शैक्षिक भ्रमण आदि) बचत रकम) आदि हुन् ।

（*4） निजी विद्यालयहरूको सन्दर्भमा यी रकमका अलावा सुविधा शुल्कको रूपमा लगभग 211,000 येन लाग्ने छ ।

# 8 शैक्षिक शुल्कको टेवा(सहायता) आदि

उच्च माध्यामिक विद्यालयमा जानको लागि आवश्यक पैसाको लागि सहायता वा टेवाको रूपमा प्रदान गर्ने व्यवस्था छ । सहायताको रूपम लिएको रकम फिर्ता गर्नु पर्ने र फिर्ता गर्नु नपर्ने दुई प्रकारका व्यवस्था छन् । घरपरिवारको आम्दानीको अवस्था वा विद्यालयको सिफारिस अनुसार नर्धारण हुनेछ ।

（1）सापट लिएको रकम फिर्ता गर्नु नपर्ने व्यवस्था

• उच्च माध्यामिक विद्यालय आदिमा अध्ययन सहायता रकम (अनुदान कोष) (उच्च माध्यामिक विद्यालय अध्ययनरत विद्यार्थी )

• साइतामा अञ्चल, निजी उच्च माध्यामिक विद्यालय आदि अभिभावक आर्थिक भार हलुका गर्ने कार्य सघाउ रकम (कोष) (अभिभावकसँग त्यस विद्यार्थी साइतामा अञ्चलमा बसोवास गरेको , साइतामा अञ्चलको निजि बिद्यालयमा अध्ययनरत विद्यार्थी )

• साइतामा अञ्चल उच्च माध्यामिक विद्यालय आदि छात्रवृत्ति अनुदान रकम व्यवस्था (अभिभावक, साइतामा अञ्चलमा बसोवास गरेका विद्यार्थी)

（2）रकम फिर्ता गर्नु पर्ने व्यवस्था

• साइतामा अञ्चल उच्च माध्यामिक विद्यालय आदि छात्रवृत्ति रकम व्यवस्था (अभिभावक, साइतामा अञ्चलमा बसोवास गरेका विद्यार्थी)

（3）त्यसबाहेक (गाउँ वा शहर वा नगरपालिकाको छात्रवृत्ति रकम आदि )

• गाउँ वा शहर वा  नगरपालिका अनुसार छात्रवृत्ति रकम व्यवस्था (कोष) भएका र नभएका गाउँ वा  शहर वा नगरपालिका छन् ।आफ्नो बसोवास गरेको गाउँ वा शहर वा नगरपालिकामा सोधपुछ गर्नुहोला।

• प्रवेश शुल्क या अन्य शुल्क घटाउने बिद्यालय पनि छ, त्यसैले भर्ना हुनु अघि या भर्ना भए पछि तुरुन्त माध्यमिक बिद्यालयको शिक्षक शिक्षिका संग जानकारी राख्नुहोस ।